अनुसूची २

(बुँदा ४.१ सँग सम्बन्धित आवेदनको ढाँचा)

# दुहवी नगरपालिकाको कार्यालय

दुहवी, सुनसरी

## स्वास्थ्य सेवा प्राविधिक पदका लागि करार सेवामा दरखास्त अह्वान गरिएको सूचना

**प्रकाशित मिति : २०७८।०१।१७**

यस दुहवी नगरपालिकाको नगर अस्पतालको चिकित्सक तथा नर्सिङ सेवामा रहने गरी स्वास्थ्य सेवाको तपसिलको पदमा खुल्ला छनौट विधिद्वारा करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले यस कार्यालयको मिति २०७८।०१।१६ गतेको निर्णय अनुसार आवश्यक न्यूनतम योग्यता पुगेका कुनै वात कसूर नलागेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५दिन भित्र दिनको ३:०० बजे सम्म राजस्व तिरेको रसिद र तपसिल वमोजिमको कागजात सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. विज्ञापन नं. र पद संख्या

| सि.न | विज्ञापन नं. | पद | तह | सेवा /समुह | माग संख्या | |
|---|---|---|---|---|---|---|
| १ | ०६/०७७/७८ | मेडिकल अधिकृत | अधिकृत आठौं | स्वास्थ्य/जनरल मेडिसिन | १ | न्यूनतम शैक्षिक योग्यता एम.बि.बि.एस वा सो भन्दा माथि |

२. सेवाको किसिम : करार सेवा ।

३. सेवा अवधि : असार मसान्त सम्म र आवश्यक अनुसार थप हुन सक्ने ।

४. दुहवी नगरपालिकाले तोकेको दरखास्त फारममा भर्नु पर्ने छ ।

५. पासपोर्ट साइजको फोटो ३ प्रति ।

६. नेपाली नागरिकताको प्रमाण पत्रको छायाँ कपी ।

७. (क) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको छायाँ कपी ।
   (ख) नेपालको सम्बन्धित मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
   (ग) अनुभवी र स्थानीय वासीलाई विशेष प्राथमिकता दिइने छ ।

८. स्वास्थ्य क्षेत्रमा काम गरेको अनुभव ।

९. तलब सुविधा तथा अन्य सेवा शर्त : अधिकृत आठौं तहले पाउने तलब स्केल सरह हुनेछ ।

१०. उम्मेदवारको उमेर दरखास्तको अन्तिम मिति सम्ममा (क) पुरुषको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको (ख) महिलाको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

११. उम्मेदवारको छनौट विधि : अन्तरवार्ता ।

१२. फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान : दुहवी नगरपालिकाको कार्यालय ।

१३. परीक्षा दस्तुर रु. १०००। (एक हजार मात्र)

१४. दरखास्त फारम भर्ने मिति २०७८।०१।१७ देखी २०७८।०१।३१ सम्म ।

१५. परीक्षा दस्तुर बुझाउने प्रकृया : दुहवी नगरपालिकाको राजश्व शाखामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१६. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार दुहवी नगरपालिकालाई हुनेछ ।

१७. रित नपुगेको तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही स्वयम आफै हुनु पर्नेछ ।

१८. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा दुहवी नगरपालिकाको स्वास्थ्य शाखाको मो.नं. ९८४२५८४७४९, ९८४२८२०२५० मा सम्पर्क गर्नु हुन ।

अधिकृत